# नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
### सिंहदरबार, काठमाडौं
### (स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३
चलानी नं ५४४

मितिः२०८३/०३/३२
ने.सं. ११४६

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै ।

विषयः पशु वधशाला र मासुजाँच ऐन, २०५५ कार्यन्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा कृषि, वन तथा पर्यावरण मन्त्रालयको प.सं.प.स्वा.म./२०८२/८३ च.नं.११६ मिति २०८३/३/३० को पत्र साथ पशु वधशाला र मासुजाँच ऐन,२०५५ कार्यन्वयन सम्वन्धमा भएको निर्णयको प्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थः
श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरवार काठमाडौं ।
श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशु स्वास्थ्य महाशाखा

☎ ४२११४७८
फ्याक्स ४२११९३५
सिंहदरवार, काठमाडौं, नेपाल

प.सं : प.स्वा.म/०८२/८३
च.नं. : ११६

मिति: २०८३/०३/३०

विषयः सबै स्थानीय तहहरुलाई पत्राचर गरिदिने सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा यस मन्त्रालयमा मिति २०८३/०३/२६ गते प्रदेश र स्थानिय तहका प्रतिनिधि सहित पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयका सम्बन्धमा माननिय कृषि, वन तथा पर्यावरण मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयहरु (पाना १) सबै स्थानिय तहहरुलाई पठाउने प्रयोजनार्थ यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

२०८३/३/३०

डा. मनोज कुमार शाही
(वरिष्ठ पशु चिकित्सक)

सादर अवगतार्थ
श्रीमान् सचिवज्यू, कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार।
मा. मन्त्रीज्यूको सचिवालय, कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार।

विषयः पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वय सम्बन्धी बैठक।

अध्यक्षताः माननीय मन्त्री गिता चौधरीज्यू, कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार।

बैठकमा सहभागीताः कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिवज्यू, काठमाण्डौं उपत्यकाका स्थानिय तहका प्रमुख तथा अध्यक्षज्यूहरु, नेपाल पशु चिकित्सा परिषद्का अध्यक्षज्यू, पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्का अध्यक्षज्यू, मन्त्रालय र मातहतका सहसचिवज्यूहरु, पशु सेवा विभागका महानिर्देशकज्यू, पशु सेवा कार्यालय, ललितपुरका प्रमुखज्यू, स्थानिय तहमा कार्यरत पशु सेवा शाखा/महाशाखाका प्रमुख तथा प्रतिनिधिहरु।

मितिः २०८३/०३/२६; समयः ११:०० बजे

स्थानः कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबारको सभाहल।

प्रस्तावः पशु वधशाला र मासु जाँच ऐन, २०५५ को कार्यान्वयन सम्बन्धमा।

निर्णयहरुः पशु वधशाला र मासु जाँच ऐन, २०५५ को कार्यान्वयन सम्बन्धमा देहाएका निर्णयहरु गरियोः

(क) पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा १ को उपदफा (२) को प्रयोजनका लागि विषयगत समितिको मिति २०८२ माघ १३ गतेको निर्णय नं. ७ लाई कार्यान्वयन गर्न पहिलो चरणमा राजपत्रमा सूचना प्रकाशन भएको मितिले ४ (चार) महिनापछि काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानिय तहहरुमा, ६ (छ) महिनापछि देशभरका बाँकी सबै नगरपालिकाहरूमा र १ (एक) वर्षपछि देशभर लागू गर्ने गरी राजपत्रमा सूचना प्रकाशन गर्ने।

(ख) ऐन कार्यान्वयनमा एकरूपता ल्याउने कार्यका लागि निर्देशिका/मापदण्ड अध्यावधिक गरी सबै स्थानीय तहहरूमा पठाउन पशु सेवा विभागलाई निर्देशन दिने।

(ग) विशेषज्ञ टोली खटाई काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सबै पालिकाहरूमा पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ कार्यान्वयनमा आवश्यक सहजीकरण गर्न पशु सेवा विभागलाई निर्देशन दिने।

(घ) पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ कार्यान्वयनको चरणमा रहेको जानकारी गराउन भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहहरूलाई पत्राचार गर्ने र जनस्तरमा समेत यस ऐनको कार्यान्वयनका सम्बन्धमा सन्देशमूलक/जनचेतनामूलक सामग्री कृषि सूचना तथा प्रशिक्षण केन्द्रबाट समेत प्रसारण गर्न निर्देशन दिने।

(ङ) ऐन कार्यान्वयनमा संलग्न हुने तिनै तहको जनशक्तिको क्षमता विकासका लागि आवश्यक तालिम सञ्चालन गर्न, मासु निरीक्षक र मासु सुपरीवेक्षक नियुक्ती गर्न, पशु वधशाला, वधस्थल र मासु पसलको विवरण अध्यावधिक गर्न र मासु जाँचका लागि आवश्यक सामग्रीहरुको नमुना तयार गर्न प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्न पशु सेवा विभागलाई निर्देशन दिने।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा ...